नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त
# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
# CDS and Clearing Limited

पत्र संख्या : २०७१/७२–१० 
चलानी नं. : ६६६

CDS and Clearing Ltd.

## प्रेस विज्ञप्ति

मिति २०७१/१२/१६ गते जारी गरिएको प्रेस विज्ञप्ति बमोजिम मिति २०७१/१२/२२ गते देखि सिडिएस एण्ड क्लियरिङ्ग लि. (सिडिएससि) को कार्य संचालनलाई थप व्यवस्थित र प्रभावकारी पार्न शिखर इन्स्योरेन्स कम्पनी लि., ग्लोबल आइएमई बैंक लि., यूनिलिभर नेपाल लि., हिमालयन जनरल इन्स्योरेन्स कम्पनी लि., महालक्ष्मी फाइनान्स लि., एभरेष्ट फाइनान्स क. लि. र तारागाउँ रिजेन्सी होटेल्स् लि. हरुको अभौतिक कारोबार शुरु भई मिति २०७२/०१/०६ गते देखि अनिवार्य रुपमा धितोपत्रको अभौतिक कारोबार र राफसाफ कार्य सुरु गरिने जानकारी विदितै छ । यसै सन्दर्भमा सिडिएससिले अवलम्बन गरिएका प्रकृया बमोजिम सो कार्य सफलतापूर्वक अगाडि बढिरहेको हुँदा सिडिएससिले तपशिल बमोजिमका थप सात वटा कम्पनीको मिति २०७१/१२/२९ गते देखि अभौतिक रुपमा धितोपत्रको कारोबार र राफसाफ कार्य विनियमावलीको अधिनमा रही शुरु गर्ने निर्णय गरेको व्यहोरा जानकारी गराईन्छ । सो का लागि साविककै देहाय बमोजिमका प्रकृयाहरु अवलम्बन गरिनेछ :

### तपशिल:

१. एस डेभलपमेन्ट बैंक लि.
२. सनराईज बैंक लि.
३. एभरेष्ट इन्स्योरेन्स क. लि.
४. बुटवल पावर क. लि.
५. नबिल बैंक लि.
६. भिबोर विकास बैंक लि.
७. युनाईटेड फाईनान्स लि.

### प्रकृयाहरु

- छानिएका कम्पनीका शेयर भौतिक वा अभौतिक रुपमा बिक्री गरिनेछ र खरिदकर्तालाई अभौतिक रुपमा हस्तान्तरण गरिनेछ ।
- छानिएका कम्पनीका Blank Transfer (BT) मा रहेका शेयर तथा अनुसूची बिक्री गर्न चाहनेले मिति २०७२/०१/१४ भित्र बिक्री गर्नु पर्नेछ ।
- तोकिएको अवधि भित्र बिक्री नगरेमा सो लाई सम्बन्धित निकायमा पठाएर भौतिकीकरण गर्ने वा अभौतिकिकरण गर्नु पर्नेछ ।
- छानिएका कम्पनीहरुको कारोबार र राफसाफ मिति २०७२/०१/१५ गते देखि पूर्ण रुपमा अभौतिक रुपमा गर्नु पर्नेछ ।
- सिडिएससिमा दर्ता भएका अन्य कम्पनीहरुको हकमा धितोपत्रको अभौतिकीकरण तथा कारोबार र सो को राफसाफ सम्बन्धमा **"भौतिक रुपमा रहेका धितोपत्र कारोबारको खरिद गर्दा अभौतिकीकरण गर्ने कार्यविधि, २०७१"** मा भएको व्यवस्था यथावत् रहनेछ ।

मिति : २०७१/१२/२६